म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १८९ सोमबार, ११ फागुन २०८२ ने. सं. ११४६ चिल्लाथ्व 23 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

## वनकरिया भन्छन्, 'लालपुर्जा दिलाउनेलाई मत'

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ मकवानपुरको मनहरी गाउँपालिका-४ मुसेधापमा बसोबास गर्ने लोपोन्मुख तथा अतिसीमान्तकृत वनकरिया समुदायका राम वनकरियाले सामाजिक सञ्जालबाट फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनबारे थाहा पाए पनि मत कसलाई र कसरी हाल्ने ? भन्ने अन्यौलमा छन् ।



गाउँसहर सबैतिर चुनावको चर्चाले व्यापकता पाइरहँदा पूर्वपश्चिम राजमार्गबाट करिब चार किलोमिटर दूरीमा रहेको वनकरिया बस्तीमा भने अझै कुनै चुनावी चहलपहल छैन । निर्वाचनमा कुन उम्मेदवारलाई, कसरी मत हाल्ने भन्नेमा अन्यौलता भएको उनको भनाइ छ । निर्वाचनको मिति नजिकिँदै जाँदा पनि मतमाग्न यो बस्तीमा अहिलेसम्म कुनै उम्मेदवार तथा दलका नेता कार्यकर्ता नपुग्दा स्थानीय बेखर जस्तै भएका हुन् । 'अहिलेसम्म कुनै नेता भोटमाग्न आएका छैनन् । भोट कसरी हाल्ने भन्ने सिकाउन पनि कोही आएका छैनन्', रामले भने, 'मोवाइल र रेडियो एफएमबाट चुनावबारे खबर पाएका छौँ तर, कसरी भोट हाल्ने भने हामीलाई केही थाहा छैन ।'

'गाउँघरमा चारैतिर उम्मेदवार मतमाग्न पुगेपनि हाम्रो बस्तीमा कुनै उम्मेदवार आउनुभएको छैन', उनले भने, 'खोई के कारणले हाम्रो बस्तीमा उम्मेदवार मतमाग्न आएनन् थाहा छैन ।' यो बस्तीमा २४ परिवार वनकरिया समुदायको बसोबास छ । कुनैबेला पर्साको मध्यवर्ती क्षेत्र चुरेघाँचमा फिरन्ते जातिकारुपमा चिनिने लोपोन्मुख वनकरिया जातिलाई सरकारले २०६३ सालमा जंगली जीवनबाट मानवबस्तीमा सारेको थियो । जिल्ला वन कार्यालय मकवानपुरले कबुलियती वन समूहअन्तर्गत ९ हेक्टर जमिन उपलब्ध गराएको थियो । यही ठाउँमा बनकरिया समुदायका मानिस करिब २० वर्षदेखि बन्दै आएका छन् । वि.सं. २०७८ को जनगणनाअनुसार वनकरिया जातिको कूल जनसंख्या १८० र मातृभाषा बोल्ने जनसंख्या ८६ मात्र छ ।

वनकरिया जातिको नेपालको त्यो बस्तीमा मात्र बसोबास रहेको वनकरिया समुदायकी अगुवा सन्तोषी वनकरियाले जानकारी दिइन् । उनकाअनुसार बस्तीमा हाल ४५ महिला र ४६ पुरुष गरी ९१ जना वनकरिया छन् । बस्तीका ९१ मध्ये ५० जनाको नागरिकता बनिसकेको जनाउँदै उनले २६ जनाको मतदाता नामावलीमा नाम उल्लेख गरिन् । केही वर्षअघिसम्मका फिरन्ते वनकरियाले अहिले खेतीपातीसँगै कुखुरा, बाख्रा र भैँसी पालेका छन् भने कोही ज्याला मजदुरीको काम गर्दछन् । बिहान र बेलुकाको जोहो गर्नमा व्यस्त रहने ती बस्तीका स्थानीय सन्तमाया वनकरियाले भनिन्, 'अहिलेसम्म तीनवटा चुनावमा मतहालेर प्रतिनिधि जिताएर पठायौँ तर, कसैले आफूहरुको समस्या बुझ्न सकेका छैनन् ।' त्यसैले आफ्ना समस्या बुझ्ने र समस्या समाधान गर्ने उम्मेदवारलाई मत दिने उनको भनाइ छ ।

निर्वाचनका बेला आफूहरुलाई भोट लिने तर, चुनाव जितेपछि नेताहरु बस्तीमा फर्केर नआउने गरेका भन्दै यहाँका मतदाताले गुनासो गरेका छन् । वनकरिया समुदायले बसोबास गरि रहेको जग्गाको लालपुर्जा माग गर्दै आएका छन् । 'सरकारले हामीलाई यहाँ ल्याएर राख्यो, हामी २० वर्षदेखि यहाँ बस्दै आएका छौँ', सन्तमायाले भनिन्, '२० वर्षका लागि हामीलाई यहाँ बसोबास गरायो, अहिलेसम्म हाम्रो नाममा जग्गा आउन सकेन । कुन दिन यो ठाउँ पनि छोड्नुपर्ने हो भन्ने अन्योल र त्रासमा हामी छौँ ।'

'चुनावका बेला नेताहरुले लालपुर्जा दिलाउँछौँ भन्ने प्रतिबद्धता गरेर जान्छन्', विष्णुमाया वनकरियाले भनिन्, 'तर, जितेर गएपछि फर्किएर कोही आउँदैनन् । हामीले लालपुर्जा पाउने कि नपाउने ? भन्ने अन्योलतामा छौँ ।' बसोबास गरेको जग्गाको लालपुर्जा नहुँदा चाहेर पनि कुनै व्यापार, व्यवसाय गर्न नसकिएको उनको भनाइ छ । 'आफूहरु मुख्य समस्या जग्गाधनी लालपुर्जा हो', सन्तोषीले भनिन्, 'जग्गाधनी लालपुर्जाका लागि स्थानीय सरकार देखि प्रदेश र संघीय सरकारलाई गुहार्‍यौँ तर, अहिलेसम्म सफल हुन सकेका छैनौँ ।' 'हामीले मतदिएर नेतालाई जिताएर पठाउँछौँ तर, अहिलेसम्म जग्गाधनी पुर्जा पाउने वा नपाउने निश्चित भइसकेको छैन', सन्तमायाले भनिन्, 'हाम्रो भोट लिएर थुप्रै नेता कुर्सीमा पुगे तर, हाम्रो समस्या ज्यूँकात्यूँ छन् । चुनावका बेला यो गर्दिन्छु, त्यो गर्दिन्छु भनेर मत लिने तर, चुनाव जितेपछि हाम्रो समस्या बुझ्न एकपटक आउँदैनन् ।'

मतदान गर्न तयार भएपनि कसलाई र कसरी मतहाल्ने भन्नेमा अन्योलता रहेको बताउँदै उनले जग्गाको लालपुर्जा दिलाउने उम्मेदवारलाई मात्र मतदान गर्ने धारणा राखिन् । यसक्षेत्रमा विभिन्न राजनीतिक दलका १६ र स्वतन्त्र पाँच गरी २१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । यो क्षेत्रमा नेपाली कांग्रेसबाट बुद्ध लामा, नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट महेशकुमार बर्तौला, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट लवशेर विष्ट, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट रामबहादुर थोकर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट प्रशान्त उप्रेती, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट सन्तोष विष्ट, श्रम संस्कृति पार्टीबाट युनेश लामा सिंतान, उज्यालो नेपाल पार्टीबाट डा.प्रवीणकुमार स्याङ्तान चुनावी मैदानमा छन् ।

त्यस्तै नेपाल मजदुर किसान पार्टीबाट सरोज तामाङ, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट राम घलान, जनता समाजवादी पार्टीबाट छविलाल वाइबा, मङ्गोल नेशनल अर्गनाइजेसनबाट हीरालाल स्याङ्तान, संयुक्त नागरिक पार्टीबाट शुभराज प्रजा चुनावी प्रतिस्पर्धामा छन् । स्वतन्त्ररुपमा कृष्णराम श्रेष्ठ, रमेश आचार्य, प्रतिक्षा बानियाँ, अमृत बललगायत चुनावी प्रतिस्पर्धामा छन् । यीमध्ये एमालेका बर्तौला अघिल्लो २०७९ को प्रतिनिधिसभा निर्वाचनमा सोही क्षेत्रबाट ३४ हजार ९१६ मत ल्याएर निर्वाचित भएका थिए । राप्रपाका थोकर दोस्रोपटक चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।

अन्य उम्मेदवार पहिलो प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिएका छन् । कांग्रेसका लामा पार्टीको मकवानपुर जिल्ला सभापति हुन् । अन्य दलबाट उम्मेदवार फेरिँदा एमालेले पुन:बर्तौलालाई उम्मेदवार बनाएको छ । उम्मेदवारी दर्ता गराएसँगै यतिबेला उम्मेदवार आफ्ना एजेण्डा बोकेर मतदाताको घरदैलोमा पुग्न थालेका छन् । यो क्षेत्रमा हेटौंडा उपमहानगरपालिकाको चारवटा वडासहित थाहा नगरपालिका, राक्सिराङ गाउँपालिका, कैलाश गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका, मनहरी गाउँपालिका, भीमफेदी गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाको ४ वटा वडा पर्छन् । मकवानपुर क्षेत्र नं २ मा ८२ हजार ३३३ पुरुष र ७४ हजार ५६६ महिला गरी एक लाख ५६ हजार ८९९ मतदाता छन् । यो क्षेत्रमा १०५ मतदानस्थलमा १९६ मतदान केन्द्र रहेका छन् ।

बनरिया समुदायले मतदान गर्ने केन्द्र भने मनहरी-४ मसिनेको पशुपतिनाथ मावि हो । भौगोलिकरुपमा विकट मानिएको यस क्षेत्रमा चेपाङ र तामाङ समुदायको बाहुल्यता छ । जनजाति बाहुल्य रहेको यो क्षेत्रमा जातीय मत आकर्षित गर्ने रणनीतिका साथ नेपाली कांग्रेसले लामालाई उम्मेदवार बनाएको देखिन्छ । थाहा नगरको कुशल नेतृत्व गरेका निवर्तमान नगरप्रमुख लवशेर विष्टलाई नेकपाले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवार बनाएको छ ।

## फागुन १५ भित्र जेनजी घाइतेको विवरण उपलब्ध गराउन निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ सरकारले जेनजी प्रदर्शनका क्रममा घाइते भएकाहरुको विवरण उपलब्ध गराउन स्वास्थ्य संस्था (अस्पताल)लाई निर्देशन दिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले जेनजी आन्दोलनका क्रममा छुट भएका घाइतेको विवरण उपचारमा संलग्न सबै स्वास्थ्य संस्थालाई तत्काल स्वास्थ्य मन्त्रालयमा उपलब्ध गराउन निर्देशन दिइएको बताएका छन् । उनका अनुसार जेनजी आन्दोलनका घाइतेको उपचार र राहतलाई प्रभावकारी बनाउन गठित समन्वय समितिले यही फागुन १५ गतेभित्र घाइतेको विवरण उपलब्ध गराउने निर्णयनुसार मन्त्रालयले सबै स्वास्थ्य संस्थालाई निर्देशन दिएको हो ।

मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले घाइतेको सूचीकरण र वर्गीकरण पुन:वर्गीकरणसम्बन्धी कार्य समयमा सक्नका लागि यही फागुन १५ गतेभित्र विवरण उपलब्ध गराउन भनिएको बताए । उनले फागुन १५ गतेभित्र आएका निवेदनउपर छानबीन गरी घाइतेको अन्तिम नामावली सार्वजनिक गरिने जानकारी दिए । प्रवक्ता डा. बुढाथोकीका अनुसार अहिलेसम्म २०० जना घाइतेको मात्र वर्गीकरण विवरण उपलब्ध भएको छ । उनले जेनजी प्रदर्शनका क्रममा धेरै घाइते भएपनि सामान्य घाइते भएकालाई केही सुविधा उपलब्ध नहुने भएकाले पनि सम्पर्कमा नआएको हुनसक्ने बताए ।

सरकारले जेनजी प्रदर्शनका क्रममा अतिगम्भीर वर्गीकरणमा परेकालाई र ती घाइतेलाई स्याहार गर्नेलाई मासिक नौ हजार, गम्भीर घाइतेलाई मासिक नौ हजार र मध्यम घाइतेलाई मासिक चार हजार उपलब्ध गराउने निर्णय गरेको प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए । उनका अनुसार जेनजी प्रदर्शनका क्रममा दुई हजार ५९९ जना घाइते भएका मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

## उपमहानगरद्वारा सात महिनामा २२ करोड राजस्व संकलन


साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षको पहिलो सात महिनामा २२ करोड ४५ लाख ४९ हजार ४८५ रुपैयाँ राजस्व संकलन गरेको छ ।



उपमहानगरपालिकाको राजस्व शाखाप्रमुख मनोज सुवेदीका अनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिमा २२ करोड ४३ लाख ८४ हजार ८८८ रुपैयाँ राजस्व संकलन भएको थियो । यस आधारमा चालु आवको सात महिनामा राजस्व संकलन अघिल्लो वर्षको तुलनामा सामान्य वृद्धि भएको देखिएको छ । उपमहानगरपालिकाले चालु आवको सात महिनामा सम्पत्ति करबाट ५ करोड ५४ लाख ९३ हजार १३८ रुपैयाँ, घरबहाल करबाट ३ करोड ४४ लाख ७० हजार ७०६ रुपैयाँ र नक्सा पास दस्तुरबाट १ करोड २१ लाख २७ हजार २७ रुपैयाँ राजस्व संकलन गरेको छ ।

त्यसैगरी, पूर्वाधारसेवाको उपयोगमा लाग्ने करबाट २ करोड ४४ लाख ४९ हजार २४० रुपैयाँ, सिफारिस दस्तुरबाट १ करोड ७० लाख ३९ हजार १०० रुपैयाँ, बहाल बिटोरी करबाट १ करोड ७२ लाख ४४ हजार १४९ रुपैयाँ तथा व्यवसाय करबाट १ करोड ७१ लाख २ हजार ६१६ रुपैयाँ उठाइएको छ । अन्य बिक्रीबाट ३ करोड २ लाख २३ हजार रुपैयाँ राजस्व प्राप्त भएको राजस्व शाखाले जनाएको छ । उपमहानगरले कर प्रशासनलाई प्रभावकारी बनाउँदै आन्तरिक राजस्व वृद्धि गर्ने लक्ष्यका साथ विभिन्न सुधारका कार्यक्रम अघि बढाइरहेको जनाएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# कहिले पूरा होला बोटेको माग ?

मकवानपुरको मनहरी गाउँपालिकामा बसोबास गर्ने बोटे समुदाय पेशा परिवर्तन गर्न बाध्य भएका छन् । पुर्खौंदेखि राप्ती खोला र नजिकैको वनजंगलको भरमा जीविकोपार्जन गर्दै आएको बोटे समुदाय अहिले यसको विकल्पको खोजीमा लागेका छ । मकवानपुरको मनहरी गाउँपालिकामा रहेका बोटे समुदायका करिव ६५ परिवार अहिले खोला र वनजंगलको विकल्पको खोजीमा जुटेका हुन् । राप्ती खोलामा माछा मारेर बिक्री गर्दै आएका बाटो समुदायलाई पर्सा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीले खोलामा जाल हानेर माछा मार्न प्रतिबन्ध लगाएपछि उनीहरुको पेशा नै संकटमा पर्दै गएको हो । केहीवर्ष पहिले राप्ती र मनहरी खोलामा माछा मार्नका लागि पर्सा राष्ट्रिय निकुञ्जले अनुमतिपत्र (लाइसेन्स) दिएको थियो तर, त्यो लाइसेन्स पनि तीन वर्षदेखि नबीकरण भएको छैन । ३५ जना बोटेलाई दिइएको अनुमतिपत्र नबीकरण गर्न भनेर पर्सा राष्ट्रिय निकुञ्जको आधाभार कार्यालयमा लगेको तर, नबीकरण भएर आएन । वनजंगलको भरमा जीविकोपर्जन गर्न पनि समस्या भएको छ राष्ट्रिय निकुञ्जमा प्रवेश गर्न सुरक्षाकर्मीले दिदैनन् सामुदायिक वनमा कुरिलो, अंम्रिसो जस्ता कुरा छैनन् ।

माछामार्ने अनुमतिपत्र नवीकरण नभएपछि उनीहरुले वैकल्पिक पेसाको रुपमा ज्याला मजदुरी गर्न थालेका छन् । वैकल्पिक पेसाको रुपमा यहाँका बोटे समुदायले मनहरी गाउँपालिकाको सहयोगमा सामुदायिक माछापोखरी निर्माण गरेका थिए तर, त्यो पनि एकवर्ष मात्र चल्यो । गाउँपालिकाले दोस्रो वर्षमा सहयोग नगरेपछि सामुदायिक पोखरी पनि संकटमा पऱ्यो । पहिला दैनिकी चलाउनका लागि माछा मार्न जानुपर्ने भए पनि अहिले माछा मार्न लुकीछिपी मात्र जाने गरेका छन् । मनहरीको बोटे समुदायको अगुवा महिला कान्छीमायाले कार्यपालिका बैठकमा पनि बोटे समुदायको उत्थानका लागि सीपमूलक, आयमूलक कार्यक्रम चाहिएको कुरा उठाउने गरेको भएपनि सुनुवाई भएको छैन । जंगल र खोलामा धेरै जाने जाति भनेर चिनिएको यो समुदायमा पर्सा राष्ट्रिय निकुञ्जले उनीहरुलाई दिइएको माछामार्ने अनुमतिपत्र नबीकरण गरिदिए आफूहरुको जीवनयापन सहज हुने बताउँछन् । मनहरीका बोटे समुदायले बाख्रा, गाइबस्तुपालन, खेती–किसानीलगायत काममा लागेर खोला र वनजंगल जान कम भएको छ । खोलामा गएर माछा मार्ने, जंगलमा गएर न्युरो, कुरिलोको जरा, तामालगायत संकलन गरेर बेच्नुभन्दा अरुको जग्गा भाडामा लिएर खेतीपाती गर्ने गरेका छन् । नेपालमा बोटे जातिको बसोवास मकवानपुर, उदयपुर, सिन्धुली, चितवन, नवलपरासी, तनहुँ, गुल्मी, लमजुङलगायत केही जिल्लामा मात्र पाइन्छ । चितवनको माडीक्षेत्र बोटे जातिको सबैभन्दा धेरै बसोबास भएको क्षेत्र मानिन्छ । विसं २०७८ सालको जनगणनाअनुसार देशभर बोटे जातिको जनसंख्या ११ हजार २५८ छ । पुरानो पुस्ताले पनि नेपाली भाषा नै बोलिदिने समस्याका कारण नयाँ पुस्तामा भाषाप्रतिको ज्ञान कम हुँदैजाँदा बोटे भाषा संकटमा परेको उनीहरु बताउँछन् । पुरानो पुस्ताले आफ्नै घरमा पनि मातृभाषा प्रयोग नगर्दा नयाँ पुस्तामा भाषाको पुस्तान्तरण हुन नसकेको हो ।

बोटे जातिको भाषा, संस्कृति, पोशाक, परम्परा जोगाउनु जरुरी छ भन्ने लागेको छ पाका पुस्तालाई । तर, नयाँ पुस्ता यो मान्ने पक्षमा देखिदैन । बोटे जातिको इतिहास प्रकृतिसँग नजिक छ । त्यसैले मनहरीका बोटेले देउराली सिमलको रुखको फेदमा सामूहिक पूजा गर्ने थलो बनाएका छन् । साउने संक्रान्तिमा खोला, घाटमा गएर पूजा गर्ने चलन छ । खोलामा माछा मार्ने वा डुंगा चलाउने क्रममा कुनै अप्रिय घटना नहोस् भनेर पूजा गर्ने चलन रहेको उनीहरु बताउँछन् । बस्तीमा बिरामी पर्दा सुरुमा धामीले धुपअक्षता गरेपछि मात्र स्वास्थ्यकेन्द्र लैजाने चलन छ । यो जातिको आफ्नै मौलिक मुख्य पर्व भने खासै छैन । हिन्दु धर्मावलम्बीले मान्ने दसैं, तिहार र तीज उनीहरुको पनि चाडपर्व हो । हिन्दु धर्मावलम्बीका अन्य समुदायले झैं यिनीहरु यी चाड एकापसमा शुभकामना आदानप्रदान गरी रमाइलोसँग मनाउँछन् । उनीहरु चण्डीपूर्णिमा (बैशाख पूर्णिमा) बली दिएर मनाउँछन् । उनीहरुको आफ्नै कूलपूजा हुने गरेको छ । यस्तो पूजामा आफ्नो कूलदेवतालाई सेतो भाले चढाउने चलन छ । ठूलो रुखको फेदमा ढुंगा राखेर त्यसैलाई देवता मानी पूजा गर्छन् । त्यस्तै वैशाखमा झाँक्रीपूजा गर्छन् भने भदौमा वाइपूजा गर्छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन १२ गते मंगलबार २४ फेब्रुअरी २०२६ । सप्तमी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३८ सूर्यास्त ६:०० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आनन्दको महसुस हुनेछ | तुला | : प्रेममा विवाद आउनसक्नेछ |
| वृष | : मन चञ्चल हुनेछ | वृश्चिक | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| मिथुन | : मान-सम्मान बढ्नेछ | धनु | : हाँसखेलमा दिन जानेछ |
| कर्कट | : धन लाभ हुनेछ | मकर | : मनमा धेरै कुरा खेल्ने छन् |
| सिंह | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | कुम्भ | : रमाइलो यात्राको योग परेको छ |
| कन्या | : नबोली बस्दा राम्रो हुनेछ | मीन | : मन प्रसन्न रहनेछ |

# ग्राहकबिनाको पसल खोल्दैनौं, विधि-पद्धतिको पक्षमा उभिन्छौं

आज अैदानमा मुलतः दुइ धार स्पष्ट छन्- जिल्ला पार्टी कार्यालयको निर्णयअनुसारको जिम्मेवारी र केन्द्रबाट थोपरिएको उम्मेदवारी । यो व्यक्ति चयनको विवाद होइनः विधि र स्वेच्छाचारिता बीचको प्रत्यक्ष टकराव हो ।



✍हरिबोल गजुरेल

नेपालको कम्युनिस्ट आन्दोलनको आधारभूत मूल्य भनेकै विधि-पद्धति, सामूहिक निर्णय र संस्थागत प्रक्रियाप्रतिको सम्मान हो । तर पछिल्लो समय पुष्पकमल दाहाल र माधवकुमार नेपालका गतिविधिले केन्द्रीय समितिलाई औपचारिकताको खोल मात्र बनाइँदै गएको अनुभूति हुन थालेको छ । मनपरी निर्णय लिने प्रवृत्ति तीव्र हुँदै गएको देखिन्छ । सतहमा यो विषय प्राविधिकजस्तो देखिए पनि यसको जरो गहिरो वैचारिक विचलनमा छ । नेतृत्वले आफैँले बनाएको नियमलाई आफूअनुकूल तोडमोड गर्न थालेपछि प्रश्न केवल प्रक्रियामाथि मात्र होइन- सम्पूर्ण राजनीतिक संस्कारमाथि उठ्छ ।

आफूले निर्माण गरेको विधि-पद्धति आफैँले उल्ट्याउनु सामान्य त्रुटि होइनह यो सङ्गठनात्मक नैतिकताको पतनको सङ्केत हो । विधि कमजोर भयो भने व्यक्ति बलियो हुन्छ, संस्था कमजोर भयो भने गुट बलियो हुन्छ । यही बाटोले पार्टीलाई सिद्धान्तबाट विचलित गर्दै अवसरवादको दलदलमा धकेल्ने जोखिम बढाउँछ । यति नाङ्गो र भद्दा केन्द्रीकरण भइरहँदा पनि झलनाथ खनालबाहेक अन्य नेताहरू मौन बस्नु केवल सहमति मात्र होइन- शक्ति सन्तुलनको भय, व्यक्तिगत भविष्यको गणित र मनोवैज्ञानिक दबाबको परिणाम पनि हो । लोभ-लालच, आस-त्रास, अतिसंशय र अतिविश्वासबाट मुक्त हुन नसक्दा नेतृत्व र कार्यकर्ता पङ्क्ति यथार्थ मूल्याङ्कन गर्न असफल हुन्छन्, र त्यसको प्रतिफल सङ्गठनात्मक विचलनका रूपमा देखिन्छ ।

मूल प्रश्न सरल छ- पार्टी विधि र सिद्धान्तअनुसार चल्ने हो कि व्यक्तिको इच्छाअनुसार ? यदि समयमै आत्मसमीक्षा भएन भने विधि-पद्धतिको खिल्ली उडाउने यही प्रवृत्तिले सङ्गठनको नैतिक मेरुदण्ड नै भाँच्नेछ ।

### निर्वाचन प्रक्रियामा देखिएको स्वेच्छाचारिता

२०८२ को सैंय निर्वाचनको सन्दर्भमा यो प्रवृत्ति अझ स्पष्ट रूपमा प्रकट भएको छ । प्रचण्ड-माधवको सर्कुलरअनुसार कार्यदल निर्माण गरेर सिन्धुलीमा उम्मेदवार सिफारिस प्रक्रिया अघि बढाइएको थियो । निर्वाचन क्षेत्र नं. १ मा राजन दाहाल, चित्रबहादुर लुङ्गेली, डेकेन्द्र सुवेदी, जानुका तिमल्सिना र विजय खड्काको नाम सर्वसम्मत सिफारिस भयो भने क्षेत्र नं. २ मा पुष्पकमल दाहाल, हरिबोल गजुरेल, पानीराज बम्जन, महेश्वर दाहाल, अनिता राई र सुमन रानाको नाम सर्वसम्मत रूपमा सिफारिस गरिएको थियो ।

पछि पुष्पकमल दाहालले रुकुम पूर्वबाट उम्मेदवारी दिने निर्णय गरेपछि स्वाभाविक रूपमा क्षेत्र नं. २ का सिफारिस गरिएका व्यक्तिमध्येबाट कसैलाई टिकट दिनु प्रक्रियासम्मत कदम हुनुपर्ने थियो । तर जिल्ला कार्यदल र सिफारिस भएका उम्मेदवारसँग परामर्शको त कुरै छाडौं, जानकारीसमेत नगराई क्षेत्र नं. १ बाट सिफारिस भएका राजन दाहाललाई प्रदेश कमिटीमार्फत अनधिकृत सिफारिस गराएर २०८२ माघ ४ गते सिन्धुली-२ को टिकट दिइयो । यो निर्णयले विधि र प्रक्रियाको गरिमा मात्र घटाएन- जिल्लाका नेता-कार्यकर्ताको आत्मसम्मानमाथि पनि ठाडो प्रहार गऱ्यो ।

यस स्वेच्छाचारी निर्णयलाई २०८२ माघ ५ गते बसेको जिल्ला कार्यदल बैठकले अस्वीकार गर्दै सच्याउन माग गऱ्योह गल्ती नसच्याए स्वतन्त्र उम्मेदवार उठाउने निर्णयसमेत गरियो । सोही आधारमा क्षेत्र नं. २ बाट मैले प्रस्तावकको भूमिका लिएपछि महेश्वर दाहालको उम्मेदवारी दर्ता भयो, जुन जिल्ला संयोजक पानीराज बम्जन समर्थक बसेर सम्पन्न गरिएको थियो । आज मैदानमा मूलतः दुई धार स्पष्ट छन्- जिल्ला पार्टी कार्यदलको निर्णयअनुसारको उम्मेदवारी र केन्द्रबाट थोपरिएको उम्मेदवारी । यो व्यक्ति चयनको विवाद होइनह विधि र स्वेच्छाचारिताबीचको प्रत्यक्ष टकराव हो ।

### ऐतिहासिक सन्दर्भ र राजनीतिक सन्देश

यो अवस्थालाई महाभारतको युद्धपूर्वको अवस्थासँग तुलना गर्न सकिन्छ । युधिष्ठिरले पाँच भाइ पाण्डवका लागि पाँच गाउँ मात्र माग्दा पनि दुर्योधनले 'सियोको टुप्पोबराबर जमिन पनि दिन्नँ' भन्ने अहङ्कार देखाएपछि अन्यायविरुद्ध न्यायको पक्षमा समाज उभिएको प्रसङ्ग स्मरणीय छ । अन्ततः सत्यको विजय भयो र अन्यायको पतन भयो ।

आज वरिष्ठ साहित्यकार खगेन्द्र सङ्ग्रौला, डा. विद्यानाथ कोइराला र घनश्याम भूसाल जस्ता व्यक्तित्वहरूले सार्वजनिक रूपमा बोल्नुपर्ने अवस्था सिर्जना हुनु आफैँमा गम्भीर सङ्केत हो । इतिहासको सन्देश स्पष्ट छ- शक्ति दुरुपयोग टिकाउ हुँदैन । इतिहासको जगमा उभिएको वर्तमान र भविष्यले अन्ततः हिसाबकिताब गर्छ । नेपाल र चिनियाँ कम्युनिस्ट आन्दोलनमा पनि यस्ता सैर्ष नयाँ होइनन् । पुष्पलाल श्रेष्ठको वैचारिक सैर्ष होस् वा चिनियाँ कम्युनिस्ट पार्टीभित्रको सैर्ष, अन्ततः सन् १९३५ मा माओत्से-तुङ र २०२५ सालमा पुष्पलाल पुनः स्थापित भए । यसले विचार र विधिको पक्षमा उभिने नेतृत्व अन्ततः टिक्ने देखाउँछ । यसको विपरीत विचार, विधि र पद्धतिविरुद्ध उभिने नेतृत्वको पतन पनि अवश्यम्भावी हुन्छ, जसको उदाहरण केशरजङ्ग रायमाझीको राजनीतिक अवसान हो ।

### निष्कासन र विधिको प्रश्न

म र महेश्वर दाहाललाई गरिएको निष्कासन तथा बुद्धिमान माझी र पानीराज बम्जनलाई जिम्मेवारीबाट हटाउने निर्णयले अर्को गम्भीर प्रश्न उठाएको छ । विधि-पद्धतिको भाषण गरेर नथाक्ने माधव नेपालको अवस्था टिठलाग्दो देखिन्छ, र प्रचण्डको शैली दुर्योधनको अडानभन्दा कम प्रतीत हुँदैन । बिनास्पष्टीकरण निष्कासन गर्ने अधिकार कुन विधानको कुन धाराले दिएको हो? पार्टीबाट निष्कासन गर्ने अधिकार संयोजक-सहसंयोजकलाई छ कि केन्द्रीय समितिलाई ? प्रश्न गम्भीर बनेको छ ।

अनधिकृत निष्कासनको कारबाही फिर्ता लिन र मापदण्डविपरीत गरिएको उम्मेदवार चयन सच्याउन माग राखेर संयोजक र सहसंयोजकलाई मैले पठाएको पत्रको जवाफ अझै आएको छैन । पार्टीलाई निजी कम्पनीझैँ सञ्चालन गर्ने प्रवृत्तिले खतरनाक दिशातर्फ सङ्केत गर्दछ । बुद्धिमान माझी र पानीराज बम्जन केन्द्रीय सदस्य हुँदा बागमती प्रदेश कमिटीले उहाँहरूलाई जिम्मेवारीबाट हटाउने अधिकार राख्छ कि राख्दैन ? यो पनि स्पष्ट हुनुपर्ने विषय हो । यदि व्यक्तिको इच्छालाई नै विधान मान्ने हो भने त्यो सङ्गठन होइन, जङ्गली शासनको अभ्यास हो । यस्तो प्रवृत्तिले पार्टीलाई मात्र होइन, गणतन्त्र र लोकतान्त्रिक मूल्यकै उपहास गर्छ ।

### विद्रोहको पृष्ठभूमि र व्यापक सङ्केत

विद्रोह पार्टीभित्रको होस् वा बाहिरको- त्यो सधैँ परिस्थितिजन्य हुन्छ । राजनीतिक विस्फोटका सामग्रीहरू लामो समयदेखि थुप्रिँदै आएको असन्तोष र आक्रोशको परिणाम हुन्छन् । सिन्धुलीको घटना पनि त्यसैको प्रतिफल हो- टिकट वितरणको सन्दर्भमा प्रकट भएको असन्तोषको प्रतीकात्मक विस्फोट । पार्टीले समयमै संवाद र समाधान खोजेको भए यस्तो अवस्था आउँदैनथ्यो ।

सिन्धुलीमै विद्रोह किन उत्कर्षमा पुग्यो भन्ने प्रश्नको विश्लेषण हुँदै जाला, तर यसले एउटा सन्देश भने स्पष्ट दिएको छ- स्वेच्छाचारिता, परिवारवाद र विकृति-विसङ्गतिप्रति देश-विदेशमा रहेका नेता-कार्यकर्ताको आक्रोश अब दबाएर राख्न सकिने अवस्थामा छैन ।

### निष्कर्ष : विचार, विधि र रूपान्तरणको लडाइँ

विचार र विधिको प्रश्न एमाले-माओवादी एकतापछि बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) निर्माणकालदेखि नै उठ्दै आएको हो । आजको सैर्ष व्यक्ति वा पदका लागि होइनह विचार, विधि, मूल्य र राजनीतिक नैतिकताका लागि हो । समयमै उपचार र सुधार भए पार्टी सङ्गठन बलियो हुन्छह नभए पतनको गति तीव्र हुन्छ । यतिखेर नेतृत्वले सत्यलाई तोडमोड गरेर प्रस्तुत गरिरहेको देखिए पनि इतिहासको अर्को सत्य पनि उत्तिकै स्पष्ट छ- सत्य र विधिको पक्षमा उभिनेहरू अन्ततः पराजित हुँदैनन् ।

यो वैचारिक विद्रोहको पहल प्रचण्डसँगका विभिन्न चरणका अन्तरविरोध तथा मोहन वैद्य, सीपी गजुरेल, रामबहादुर थापा, नेत्रविक्रम चन्द, धर्मेन्द्र बास्तोला, ईश्वरी दाहाल (असारे काका), बाबुराम भट्टराई, विश्वभक्त दुलाल (आहुति), घनश्याम भुसाल र जनार्दन शर्मा-राम कार्कीसम्म आइपुग्दा प्राप्त अनुभव र शिक्षाबाट निष्कर्ष निकाल्दै अघि बढेको हो ।

साथै 'पर्ख र हेर' को नीति अवलम्बन गर्दै भूमिका निर्वाह गरिरहेका लोकेन्द्र विष्ट, कुमार दाहाल, रमेश गुरागाई र विनोद दाहाललगायत कमरेडहरूको सुझावलाई गम्भीर तापूर्वक आत्मसात् गर्दै पार्टीलाई नयाँ सिराबाट रूपान्तरण गर्ने तथा समग्र कम्युनिस्ट आन्दोलनलाई पुनः एकताबद्ध र ुवीकृत गर्ने सङ्कल्पमा यो अभियान आधारित रहनेछ । पार्टी छाडेर होइन, ग्राहकबिनाको पसल खोलेर होइन, माओ र पुष्पलालका विचारका अनुयायी बनेर विजयको झन्डा गाडिनेछ ।

*(साभार: अनलाइनखबर)*

# रास्वपाको वाचापत्रका सात विरोधाभास

✍अर्जुन आचार्य

वैकल्पिक शक्तिको रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी निर्वाचनमा बहुमतका साथ सरकार बनाउने दाबी गर्दै आएको छ । त्यही अनुसार रास्वपा अहिले भावी प्रधानमन्त्रीको रुपमा बालेन्द्र शाहलाई अगाडि सारेर देश दौडाहा गरिरहेको छ ।

रास्वपाले आफ्नो घोषणापत्र पनि सार्वजनिक गरेको छ । कर्णालीमा पुगेर सार्वजनिक गरेको घोषणापत्रको पूर्ण र विस्तृत विवरण भने शनिबार सार्वजनिक भएको छ । 'अनुहार होइन, थिति फेर्ने' नारा बोकेर निर्वाचनमा होमिएको यो दलले सार्वजनिक गरेको वाचापत्रमा नयाँ नेपालको चित्र त कोरिएको छ, तर त्यस वाचापत्रमा उल्लेखित कतिपय विषयहरुमा विरोधाभास पनि देखिएको छ । ४० पृष्ठ लामो वाचापत्रमा महत्वाकांक्षी योजना र पार्टीको सैद्धान्तिक धरातलमै नीतिगत द्वन्द्व देखिन्छ ।

रास्वपाको वाचापत्रको पृष्ठ १३ मा अर्थतन्त्रको संरचना बदल्ने एउटा निकै ठुलो दाबी गरिएको छ । 'आगामी पाँच वर्षभित्र नेपाललाई रेमिट्यान्सको मात्र भर पर्ने परनिर्भरताबाट मुक्त गरी उत्पादन र निर्यात-उन्मुख अर्थतन्त्रतर्फ मोडिनेछ,' वाचापत्रमा भनिएको छ ।

यो सुन्दा आकर्षक पनि छ । तर वाचापत्रको पृष्ठ १० र १९ मा वैदेशिक रोजगारी र रेमिट्यान्सलाई नै संस्थागत गर्ने दीर्घकालीन योजनाहरू छन् । पृष्ठ १० मा भनिएको छ, 'विदेशमा बस्ने नेपालीहरूका लागि सोभरेन डायस्पोरा फण्डको कार्यान्वयन गरिनेछ ।' त्यस्तै, पृष्ठ १९ मा लेखिएको छ, 'सुरक्षित लगानी र सम्मानित देश फिर्तीको वातावरण, मर्यादित वैदेशिक रोजगारी ।'

पाँच वर्षमै रेमिट्यान्स मुक्त अर्थतन्त्र बनाउने लक्ष्य राख्ने पार्टीले किन सोभरेन डायस्पोरा फन्ड जस्ता रेमिट्यान्स र विदेशी पुँजीमा आधारित दीर्घकालीन संयन्त्रको वकालत गरिरहेको छ ? यदि पाँच वर्षमा नेपालीहरू स्वदेशमै स्वरोजगार हुने हुन् भने यो फन्ड कसका लागि ? यसले के देखाउँछ भने रास्वपा एकातिर युवाहरूको भावना जित्न रेमिट्यान्स मुक्तको नारा लगाउँछ भने अर्कोतिर यथार्थमा वैदेशिक रोजगारीकै पुँजीमा राज्य चलाउने योजना बुनिरहेको छ ।

यस्तै वातावरणीय मुद्दामा रास्वपा निकै संवेदनशील देखिन खोजेको छ । वाचापत्रको पृष्ठ ६ मा 'नेट-जेरो' नेपालको सङ्कल्प गरिएको छ । 'हामी नेपाललाई वातावरणीय दिगोपनाको अनिवार्य सर्तमा राखेर 'नेट-जेरो' नेपाल निर्माण गर्ने संकल्प गर्छौं,' त्यहाँ उल्लेख छ । तर विकासको सिग्नेचर आयोजना र पूर्वाधारको तथ्याङ्क हेर्दा यो प्रतिबद्धता केवल कागजमा सीमित हुने देखिन्छ । वाचापत्रको पृष्ठ १५ र २८ मा लेखिएको छ, '१५ हजार मेगावाट विद्युत जडित क्षमता, ३० हजार किलोमिटर राष्ट्रिय राजमार्ग निर्माण र १० वटा राष्ट्रिय गौरवका सिग्नेचर आयोजना समयमै सम्पन्न गरिनेछ ।'

३० हजार किलोमिटर नयाँ राजमार्ग र १० वटा ठुला सिग्नेचर आयोजनाहरू निर्माण गर्दा नेपालको वन क्षेत्र र जैविक विविधतामा पर्ने प्रभावको कुनै लेखाजोखा यसमा गरिएको छैन । नेट-जेरो (कार्बन उत्सर्जन शून्य) को लक्ष्य हासिल गर्न वन क्षेत्रको संरक्षण अनिवार्य हुन्छ । यति ठुलो परिमाणमा सिमेन्ट, गिट्टी र इन्धन खपत हुने पूर्वाधार विकास र नेट-जेरोको लक्ष्य सँगसँगै लैजानु प्राविधिक रूपमा अत्यन्तै जटिल र विरोधाभासपूर्ण छ । यो ग्रीन ग्रोथको अस्पष्ट अवधारणा हो ।

रास्वपाले आफूलाई कुन राजनीतिक विचारधारामा राख्ने भन्नेमा सधैं अस्पष्टता देखिँदै आएको छ । वाचापत्रको पृष्ठ ७ मा पार्टीले आफ्नो सैद्धान्तिक धरातलबारे भनेको छ, 'हाम्रो पार्टी उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक पार्टी हो ।' तर आर्थिक कार्यक्रमहरूमा पुग्दा पार्टीले राज्यको सक्रिय हस्तक्षेपको बाटो समातेको देखिन्छ । वाचापत्रको पृष्ठ १३ मा लेखिएको छ, 'राज्यले नै नेपाल उत्पादन कोषमार्फत वैदेशिक रोजगारीबाट प्राप्त पुँजीलाई औद्योगिक पूर्वाधारमा सिधै लगानी गर्नेछ ।'

उदार अर्थतन्त्रले राज्यको भूमिकालाई केवल नियामकको भूमिकामा सीमित राख्न र निजी क्षेत्रलाई लगानीको नेतृत्व दिन वकालत गर्छ । तर रास्वपाले राज्य आफैँले कोष खडा गरेर उद्योगधन्दामा लगानी गर्ने जुन प्रस्ताव अघि सारेको छ, त्यो समाजवादी वा राज्य नियन्त्रित मोडेल हो । आफ्नै सैद्धान्तिक धरातल (उदारवाद) र प्रस्तावित कार्यक्रम (राज्यको प्रत्यक्ष लगानी) बिचको यो विरोधाभासले रास्वपाको वैचारिक अन्योललाई देखाउँछ ।

सुशासनको क्षेत्रमा रास्वपाले योग्यताप्रणालीलाई आफ्नो मुख्य अस्त्र बनाएको छ । वाचापत्रको पृष्ठ १६ मा भनिएको छ, 'राज्यका निकायमा पूर्ण योग्यताप्रणाली लागु गरिनेछ र भागबन्डाको राजनीति अन्त्य गरिनेछ ।' तर यही दस्तावेजको पृष्ठ १० मा समावेशिताको मुद्दालाई पनि उत्तिकै जोड दिइएको छ । 'सबै वर्ग, लिङ्ग र समुदायको अर्थपूर्ण र न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्ने समन्यायिक समावेशी समाज निर्माण गरिनेछ,' उक्त पृष्ठमा भनिएको छ ।

पूर्ण योग्यताप्रणाली र समन्यायिक समावेशिता सुन्दा दुवै राम्रा लागे पनि व्यावहारिक कार्यान्वयनमा यी दुईबिच सधैं द्वन्द्व हुने गर्छ । यदि पूर्ण योग्यतालाई मात्र आधार मान्ने हो भने पछाडि पारिएका समुदायको प्रतिनिधित्व कसरी सुनिश्चित हुन्छ ? यदि आरक्षण वा कोटामार्फत समावेशिता सुनिश्चित गर्ने हो भने पूर्ण योग्यताप्रणालीको परिभाषा के हुन्छ ? रास्वपाले यी दुई संवेदनशील विषयलाई एउटै टोकरीमा राखे पनि यसको व्यावहारिक सन्तुलनको कुनै मोडेल प्रस्तुत गर्न सकेको छैन ।

सूचना प्रविधिको प्रयोगमा रास्वपाले निकै ठुलो फड्को मार्ने दाबी गरेको छ । वाचापत्रको पृष्ठ १६ मा लेखिएको छ, 'नागरिकका सबै सरकारी अभिलेख र विवरणहरूलाई एकीकृत गरी नागरिक एप र राष्ट्रिय परिचयपत्रमार्फत सबै सेवाहरू डिजिटल सुशासनमा जोडिनेछ ।' यसको ठीक विपरीत पृष्ठ २३ मा गोपनीयताको कुरा गर्दै भनिएको छ, 'नागरिकको वैयक्तिक गोपनीयताको हक र डेटा सुरक्षालाई उच्च प्राथमिकतामा राखिनेछ ।'

नागरिकका सबै विवरण (स्वास्थ्य, शिक्षा, सम्पत्ति, बायोमेट्रिक्स) एउटै एकीकृत प्रणालीमा राख्नु भनेको राज्यलाई शक्तिशाली बनाउनु र नागरिकलाई डिजिटल सर्भिलेन्स (निगरानी) मा राख्नु हो । साइबर सुरक्षाको अत्यन्तै कमजोर ट्र्याक रेकर्ड भएको नेपालमा सबै डेटा एकीकृत गर्नु र गोपनीयताको हक सुरक्षित गर्नु आफैँमा जोखिमपूर्ण र विरोधाभासपूर्ण कुरा हुन् । एउटा सामान्य ह्याकिङले नागरिकको सम्पूर्ण निजी जीवन सडकमा आउन सक्छ ।

रास्वपाले आफूलाई संविधानको रक्षकको रुपमा परिभाषित गरेको छ । वाचापत्रको पृष्ठ ७ मा भनिएको छ, 'नेपालको संविधानको संशोधन वा पुनर्लेखन संविधानकै धारा २७४ र २७५ मा टेकेर गरिनेछ ।'

तर रोचक कुरा के छ भने पृष्ठ १२ देखि १५ सम्मका विकासका १० झलक र योजनाहरूमा कहीं पनि प्रदेश सरकारको भूमिका उल्लेख गरिएको छैन । देशभरिबाट आएको सुझाव भनिएको यो दस्ताबेजमा स्थानीय तह र संघीय सरकारको चर्चा छ, तर प्रदेश संरचनाबारे रहस्यमय मौनता छ ।

संविधानको धारा २७४ र २७५ अनुसार चल्ने भनेको पार्टीले सोही संविधानको अभिन्न अङ्ग प्रदेशलाई आफ्नो योजनाबाट बाहिर राख्नु भनेको संविधानको भावनासँग बाझिनु हो । एकातिर संविधान मान्ने भन्ने, अर्कोतिर सोही संविधानले परल्पना गरेको संघीयताको एक तहलाई पूर्णतः उपेक्षा गर्नु रास्वपाको नीतिगत अस्पष्टता हो ।

रास्वपाले राजनीतिलाई विज्ञतासँग जोडन खोजेको छ । 'राजनीतिलाई पूर्णकालीन पेसा बनाउनु हुँदैन र राज्यका निकायमा सम्बन्धित क्षेत्रका विज्ञहरूलाई नेतृत्वमा ल्याउनुपर्छ,' वाचापत्रको पृष्ठ ९ मा लेखिएको छ ।

पार्टीको यो दाबी र हालको कार्यशैलीबिच ठुलो खाडल छ । एकातिर विज्ञताको कुरा गर्ने, अर्कोतिर संसद् र सरकारमा पार्टीको ह्वीप र दलीय निर्देशनलाई कडाइका साथ लागु गर्ने । यदि कुनै विज्ञ मन्त्रीले आफ्नो विज्ञताको आधारमा एउटा निर्णय गर्न खोज्छ तर पार्टीको राजनीतिक स्वार्थ अर्को हुन्छ भने त्यहाँ विज्ञता कि दलीय स्वार्थ हाबी हुन्छ ? रास्वपाको वाचापत्रमा विज्ञलाई काम गर्न दिने स्वायत्तताको बारेमा कतै उल्लेख छैन ।

रास्वपाको 'वाचापत्र २०८२' एउटा यस्तो खिचडी दस्तावेज बनेको छ, जहाँ समाजवादका गुलिया वाचा पनि छन् र पुँजीवादका आक्रामक योजना पनि । नेट-जेरो र ३० हजार किमी सडक वा रेमिट्यान्समुक्त र डायस्पोरा फन्ड जस्ता बाझिने बुँदाहरूले रास्वपाको वैचारिक पक्षमाथि प्रश्न उठाएको छ । सपना बाँड्नु एउटा पक्ष हो । तर बाझिएका सपनाहरूले देशलाई दिशा दिन सक्दैन ।

*(साभार: रातोपाटी)*

# पोर्चुगलमा नक्कली छाप र हस्ताक्षर प्रकरण: २ हजारभन्दा बढी नेपाली संकटमा

पोर्चुगल/नेपाल प्रहरीबाट जारी चारित्रिक प्रमाणपत्रमा प्रयोग भएको पोर्चुगल र नेपाली दूतावासको छाप र हस्ताक्षर नक्कली भएको भन्दै उजुरी गर्नेहरुको संख्या दुई हजार भन्दा बढी भएको छ । यहाँस्थित नेपाली राजदूतावासमा सम्वन्धित व्यक्तिहरु नै आफ्नो प्रहरी चारित्रिक प्रमाणपत्रमा छाप र हस्ताक्षर नक्कली भएको भन्दै उजुरी दिइरहेका छन् ।

यसरी उजुरी दिनेहरुले नेपाल प्रहरीबाट जारी भएको आफ्नो प्रमाणपत्र सक्कली भएपनि त्यसमा प्रयोग भएको दुई देशको छाप र सरकारी अधिकारीको हस्ताक्षर नक्कली भएको दावी गरेका छन् ।

उजुरीमा कतिपयले आफुले प्रहरी प्रमाणपत्र प्रमाणीकरणका लागि काम लगाएको व्यक्तिको नाम नै किटान गरेर उजुरी दिएका छन् । भारतको दिल्लीस्थित पोर्चुगल र नेपाली दूतावासको छाप र हस्ताक्षर भएका प्रहरी रिपोर्टहरु नक्कली भएका हुन् ।

पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलका अनुसार इमेलबाट र कार्यालयमै उपस्थित भएर उजुरी गर्ने नेपालीहरुको संख्या दिनहुँ बढ्दो छ । 'अहिले राजदूतावासको मुख्य काम यही उजुरी लिनेजस्तो भएको छ, सयौं नेपालीहरुको सक्कली प्रहरी रिपोर्टमा नक्कली छाप र हस्ताक्षर प्रयोग भएको रहेछ', राजदूत पौडेल भन्छन्, 'लिखित रुपमै हामीले एक हजार जत्ति उजुरी पाएका छौं । दूतावासको इमेलमा त्यो भन्दा बढी उजुरी छ ।'

अहिले उजुरीकर्ताहरुको विवरण संकलन गर्ने काम भइरहेको राजदूतावासले जनाएको छ । प्रहरी रिपोर्ट सक्कली भएपनि त्यसको प्रमाणीकरणका लागि यहाँ राजदूतावास स्थापना नहुँदा भारतको दिल्ली पठाउनेहरुको प्रमाणीकरण भने नक्कली भएको पाइएको हो ।

हालसम्म जम्मा भएको उजुरीकर्ताहरुको विवरण संकलन गरेर नेपाली राजदूतावासले यहाँको सरकारी पक्षलाई उनीहरु दोश्रो व्यक्तिबाट ठगिएको र प्रहरी रिपोर्ट सक्कली नै रहेको जानकारी गराएको छ । 'रिपोर्टमा प्रयोग भएको दुई दूतावासको छाप र हस्ताक्षर नक्कली भएपनि नेपाल प्रहरीले जारी गरेको रिपोर्ट सक्कली भएकाले हामीले आधिकारिक रुपमा यहाँका सरकारी निकायलाई जानकारी गराएका छौं,' राजदूत पौडेलले भने ।

पोर्चुगलमा रहेका आप्रवासीलाई कानुनी हैसियत दिने संस्था 'एकीकरण, आप्रवासन तथा शरणार्थी निकाय (एआईएमए) ले अस्थायी अवास अनुमति पत्र



(टिआरसी)का लागि आवेदन दिएका नेपालीहरुको कागजपत्र छानबिन गर्दा प्रहरी रिपोर्ट नक्कली भेटेको हो ।

यहाँको उक्त अधिकार सम्पन्न निकायले प्रहरी रिपोर्ट नक्कली भन्दै उनीहरुलाई देशै छाड्न चेतावनी दिइरहेको छ । नक्कली छाप र हस्ताक्षर भएको सक्कली प्रहरी रिपोर्ट यहाँका सरकारी पक्षमा बुझाउदा सरकारी कागजपत्र दुरुपयोग र किर्ते गरेको अभियोग समेत लागेको पीडितहरुले बताएका छन् । उनीहरुका अनुसार नक्कली पुलिस रिपोर्ट बझाएको भन्दै सयौंलाई यहाँका आप्रवासन हेर्ने निकायले इमेल मार्फत् सरकारी कागजपत्र किर्तेको मुद्दा लगाइएको समेत खबर पठाएका छन् ।

एक पीडितका अनुसार यसरी भएको नक्कली 'स्ट्याम्प' प्रकरणले पोर्चुगलमा तीन हजार भन्दा बढी नेपाली नागरिक कानुनी समस्यामा परेका छन् । हाल लिस्वनमा रहेका सिन्धुपाल्चोकका दीपक नेपाल आफू समेत यसको मारमा परेको बताउँछन् । उनी आफूहरुको अस्थायी आवास अनुमति प्रक्रिया समेत रोकिएको र देशनिकाला तथा जेल सजायको त्रास बढेको बताउँछन् ।

तीन वर्षदेखि पोर्चुगलमा रहेका उनी अहिले टिआरसी आउने वित्तिकै नेपाल जाने तयारीमा रहेकोमा कानूनी कारबाहीको इमेल आएपछि समस्यामा छन् । 'मसँग मात्रै १५ सय जना भन्दा बढी सम्पर्कमा हुनुहुन्छ, हामी १५ यस जना भन्दा बढीले ह्वाट्सएप ग्रुप बनाएर कसरी समाधान खोज्ने भनेर सामुहिक रुपमा छलफल गरिरहेका छौं,' नेपालले भने, 'हामीलाई यहाँ रहेको नेपाली संघसंस्था र नेपाल सरकार तथा राजदूतावासको सहयोगको खाँचो छ, हामी संगठित अपराधको शिकार भयौं ।'

उनीजस्ता थुप्रै नेपालीहरु लिस्वनस्थित नेपाली राजदूतावासमा आफूहरुले कुनै कागजपत्र किर्ते नगरेको बरु आफू ठगीमा परेको भन्दै जाने गरेका छन् । उनीहरुले नेपाल सरकार र दूतावाससँग सहजीकरण तथा मानवीय आधारमा पुनर्विचारको माग गर्दै आएका छन् ।

बिहीवार नेपाली राजदूतावास पुगेका पीडितहरुले यहाँको सरकारी निकाय तथा आप्रवासन हेर्ने निकायलाई यस बारेमा सत्य जानकारी गराउन ढिला गरे आफूहरु सिधै यहाँको राष्ट्रपति समक्ष अनुरोध गर्न जाने बताए ।

**कसरी बन्यो नक्कली रिपोर्ट ?**

अहिलेसम्म फेला परेको तथ्य अनुसार नेपाल प्रहरीबाट जारी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) मा दिल्लीस्थित पोर्चुगल र नेपाली दूतावासको नक्कली छाप र हस्ताक्षर प्रयोग भएको छ । सन् २०२४ को जुन ३ सम्म यहाँ रहेर काम गरिरहेकाहरुलाई पोर्चुगल सरकारले अस्थायी आवास अनुमती पत्र (टिआर सी) दिने नीति लिएको छ ।

सोही क्रममा बुझाइनुपर्ने प्रहरी रिपोर्टलाई दुवै देशको दूतावासबाट प्रमाणिकरण गर्नेपर्ने प्रावधान रहेको छ । त्यसका लागि सन् २०२४ को मे महिनादेखि नेपालीहरु फ्रान्स वा दिल्ली जानुपर्ने भयो । प्रहरी रिपोर्ट, विवाह दर्ता, जन्म दर्तालगायत प्रमाणीकरण गर्ने अधिकार सहित पोर्चुगलको लिस्वनमा १० वर्षदेखि सञ्चालनमा रहेको अवैतनिक महावाणिज्यदूतको कार्यालय नेपाल सरकारको मन्त्री परिषद्ले बन्द गरिदियो ।

२०२४ अप्रिल ३० मा अवैतनिक महावाणिज्यदूतको कार्यालय बन्द भएपनि तत्कालै यहाँ नेपाली राजदूतावासको कार्यालय स्थापना हुन सकेन । कन्सुलर सेवा बन्द भएपछि र पोर्चुगलमा नेपाली दूतावास स्थापना नहुँदासम्मको १० महिनाको अवधिमा नेपालीहरु कुनै पनि कागजात प्रमाणिकरण गर्नका लागि पोर्चुगलबाट फ्रान्सको पेरिसस्थित नेपाली राजदूतावास या भारतको दिल्लीस्थित राजदूतावास कार्यालयमा जानुपर्ने वाध्यता बन्यो ।

यही मौकालाई पोर्चुगलमा रहेका नेपाली तथा भारतीयहरुले व्यवसायका रुपमा चलाएका थिए । कागजात प्रमाणीकरणको चापका कारण ती दलालहरुले पोर्चुगलको आफ्नै घरमा बसेर समेत दुई देशको छाप लगाएर नक्कली कागज तयार गरे । उक्त घटनामा सम्लग्न दुई नेपाली केही महिना अघि पक्राउ समेत परिसकेका छन् ।

यहाँबाट दिल्ली पठाएको प्रहरी रिपोर्ट समेत दलालहरुले राजदूतावास नै नपुऱ्याई भारतका होटलमा बसेर नक्कली छाप र हस्ताक्षर गर्ने गरेको स्रोत बताउँछ । सुरुमा सामान्य हल्लाका रुपमा भित्रिए पनि पछि यहाँको प्रहरी र आप्रवासन हेर्ने निकायले अनुसन्धान गर्दा किर्ते काम भएको पुष्टि भएको हो । सक्कली प्रहरी रिपोर्टमा नक्कली छाप र हस्ताक्षर गर्नेहरुले प्रतिव्यक्ति कम्तिमा दुई सय युरो (करिब ३२ हजार नेपाली रुपैयाँ) लिएको स्रोत बताउँछ ।

**नेपाली संघसंस्थाले वास्ता नगरेको गुनासो**

बिहीवार पोर्चुगलको राजधानी लिस्वनस्थित नेपाली राजदूतावासले नेपाली समुदायसँग अन्तरक्रिया गरिरहेको थियो । पोर्चुगल र नेपाललाई जोड्ने सम्भावनाहरु र शुक्रबार हुने दुई देशबीचको औपचारिक बैठकमा लैजान सकिने विषयहरुमा केन्द्रित रहेको छफलफलमा जब दुई युवाहरुले फरक विषयमा आक्रोश व्यक्त गरे । त्यसपछि अन्तरक्रियाले नयाँ मोड लियो ।

हाल लिस्वनमा रहेका प्युठानका बिनोद सुनारले कार्यक्रम हलमा आक्रोशित हुँदै भने, 'एनआर एन र यहाँका नेपाली संघसंस्थाहरु देउसी भैली खेल्न र तिजमा नाच्न मात्रै गठन भएको हो ? दुई हजार भन्दा बढी नेपालीहरु नक्कली कागजको नाममा देशै निकाला हुनुपर्ने, नगरेको अपराध भोग्नुपर्ने अवस्था हुँदा पनि चुइक्क नबोल्ने ?'

उनले थपे, 'मैले एक पटक नेपालीहरुको प्रहरी रिपोर्टमा नक्कली छाप र हस्ताक्षर लगाएको विषयमा बोल्दा मलाई एनआरएनका पदाधिकारी हुँ भन्दै फोन गरेर धम्क्याए ।' सुनारका अनुसार नेपाली समुदायको विभिन्न संघसंस्थामा रहेकोहरु समेत प्रहरी रिपोर्टमा नक्कली छाप लगाउने र हस्ताक्षर गर्ने अपराधमा सम्लग्न छन् । त्यस्ता व्यक्तिहरुले आफूलाई फोन गरेर यो विषयलाई नउठाउन र उठाएमा राम्रो नहुने भन्दै पटक-पटक धम्क्याएको सुनार बताउँछन् ।

कार्यक्रममा सहभागी भएका यहाँका तीन वटा एनआर एनका अध्यक्षहरु तर्फ फर्कंदै सुनारले भने, 'एनआरएनको कार्यसमितिमा रहेकाहरुले नै म छाप लगाएर ल्याइदिन्छु भन्दै पैसा लिएको प्रहरी रिपोर्टमा समेत नक्कली छाप रहेछ, यहाँ आएर पनि जनता लुट्ने र अपराध गर्ने हो तपाईंहरु ?'

**तत्काल छानबिन गर्न निर्देशन**

नेपाल सरकारका परराष्ट्र सचिव अमृतबहादुर राईले यो घटनाको सत्यतथ्य बुझेर तत्कालै प्रतिवेदन तयार गर्न यहाँस्थित नेपाली राजदूतावासलाई निर्देशन दिएका छन् । कागजपत्र किर्ते गर्ने र ठगी गर्ने कार्यक्रममा नेपालीहरु समेत सम्लग्न भएको उजुरी र गुनासो प्राप्त भएकाले अनुसन्धान गर्न र ती व्यक्तिहरु माथि छानबिन गरी कानूनको दायरामा ल्याउन निर्देशन दिएका छन् ।

नेपाल सरकारको प्रतिनिधित्व गरेर औपचारिक पोर्चुगल भ्रमणमा रहेका बेला आफूले यस्ता गुनासो सुन्नुपरेको र दुई हजार भन्दा बढी नेपालीहरु एउटै समस्यामा परेकाले यसलाई सामान्य रुपमा नलिन समेत उनले आग्रह गरे । राजदूतावासमा बिहीवार आयोजित एक कार्यक्रममा परराष्ट्र सचिव राईले भने, 'यो गम्भिर अपराधमा सम्लग्न एक जनालाई पनि नछोड्नुस्, धेरै जानकारी र तथ्यहरु सार्वजनिक भइसकेका रहेछन्, तत्कालै प्रतिवेदन तयार गरेर कानुनी रुपमा अघि बढ्नुस् ।'

*(स्रोत: अनलाइनखबर)*

# तेजप्रसादलाई अंकुर नेपालको समर्थन



साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ कोरिया रिटर्नीहरुको साझा संस्था अंकुर नेपाल मकवानपुरले हिजो हेटौंडास्थित होटल ब्रान्डमा 'मिट एण्ड ग्रेट' कार्यक्रम आयोजना गर्दै मकवानपुर क्षेत्र नं. १ का प्रत्यक्षतर्फका उम्मेदवार तेजप्रसाद उप्रेती (रमेश) लाई एकढिक्का भएर सघाउने घोषणा गरेको छ ।

कार्यक्रममा अंकुर मकवानपुरका अध्यक्ष किशोर डंगोलले पार्टी, विचार र आस्था जहाँ जे भएपनि प्रवासीको पीडा बुझेका, अनुभवले परिपक्व र सामाजिक योगदानका आधारमा नेतृत्व गर्ने क्षमता भएका व्यक्ति उप्रेती नै भएको बताए । उनले कोरियाबाट फर्किएका, कोरियामा कार्यरत तथा अन्य देशमा रहेका सम्पूर्ण मकवानपुरवासीलाई श्रमिक र प्रवासीको आवाज उठाउन सक्ने नेतृत्वलाई जिताउन आग्रह गर्दै 'जिल्लाको समग्र विकासका लागि मनदेखि मत दिएर विजय गराऔं, मेरो एक भोट उद्घाटनस्वरुप' भन्ने घोषणा गरेका थिए ।

मकवानपुर कोरिया मञ्चका पूर्वअध्यक्ष शम्भु पुडासैनीले विभिन्न संघसंस्थामा सफल नेतृत्व सम्हालिसकेका व्यक्तिलाई जनप्रतिनिधिको रुपमा स्थापित गर्नुपर्ने आवश्यकता औंल्याए । उनले प्रवासी नेपालीको हकहित, श्रमिक समस्या र जिल्लाको विकासलाई प्राथमिकता दिने सक्षम नेतृत्वलाई जिताउन सबै एकजुट हुनुपर्ने धारणा राखे । भेलामा मकोमका संस्थापक अध्यक्ष श्रीकृष्ण ढकाल, आरिराङ कोरियन ल्याङ्वेज सेन्टरका सञ्चालक सुबेन्द्र मुक्तान तथा टुडल ल्याङ्वेज सेन्टरका सञ्चालक हीरालाल स्याङतान लगायतले प्रवासी अनुभवलाई स्थानीय विकाससँग जोड्ने नेतृत्वको आवश्यकता औंल्याएका थिए ।

कार्यक्रमको सञ्चालन अंकुर मकवानपुरका सचिव माधव सापकोटाले गरेका थिए । कार्यक्रममा कोरियाबाट फर्किएका र हाल विदेशमा कार्यरत परिवारका प्रतिनिधिको उल्लेख्य उपस्थिति रहेको थियो । अंकुर मकवानपुरले आगामी दिनमा पनि प्रवासी श्रमिकका मुद्दा, सीप हस्तान्तरण र जिल्लाको समृद्धिका लागि साझा पहललाई निरन्तरता दिने जनाएको छ ।

# 'लालिमा'को दोस्रो टिजरमा के छ ?

काठमाडौं/तीन हजार यौनकर्मी महिलाको अनुभवमा आधारित फिल्म 'लालिमा'को दोस्रो टिजर सार्वजनिक गरिएको छ । एक मिनेटभन्दा लामो टिजरले फिल्मको कथावस्तुबारे संक्षिप्तमा जानकारी दिएको छ । अभिनेत्री रोशनी कार्कीलाई केन्द्रमा राखिएको टिजरमा उनको पात्रको भावनात्मक उतार चढावलाई मर्मस्पर्शी रूपमा देखाइएको छ । फिल्ममा उनी यौनकर्मीको भूमिकामा छिन् ।



कोठाभित्र रोइरहेकी रोशनीलाई सुष्मा निरौलाले अंकमाल गरेको दृश्यबाट सुरू हुने टिजरमा रोशनीको संघर्षपूर्ण पारिवारिक जीवन, यौनकर्ममा लागेपछिको पीडा र प्रेम जीवनलाई प्रस्तुत गरिएको छ । अन्त्यतिर उनलाई बच्चा बोकेर कतै जाँदै गरेको पनि देख्न सकिन्छ । टिजरका दृश्यले यौनकर्मीको जीवन संघर्षलाई फिल्ममा चित्रण गरिएको स्पष्ट संकेत गर्छ ।

फागुन २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको यस फिल्ममा रोशनी र सुष्मासहित शिशिर वाङ्देल, जीवन भट्टराई, उषा रजक, सबिन कट्टेल, घनश्याम जोशी लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । रोशन मिराजको लेखन तथा निर्देशन रहेको फिल्मलाई फेथ आस्था र एम्पिफाई चेन्जले निर्माण गरेका हुन् । फिल्मको कार्यकारी निर्मातामा रीना लामा छिन् । निर्देशक मिराजले फिल्मको कथा लालिमा पात्रको कठिनपूर्ण यात्रामा आधारित रहेको बताएका छन् । उनी भन्छन्, 'एक घटनाले लालिमाकी आमा कारागार पुग्छिन् । आमालाई त्यहाँबाट मुक्त गराउने क्रममा उनी सहरको कठोर र अँध्यारोतर्फ धकेलिन्छिन् । त्यसपछि शारीरिक र मानसिक पीडाबीच उनी कसरी बाँच्न बाध्य हुन्छिन् भन्ने कथा फिल्ममा छ ।'

# ५ बुँदे एजेन्डासहित मतदाता फकाउँदै निशा

काठमाडौं/फागुन २१ गते बिहीबार हुने प्रतिनिधि सभा निर्वाचनको मिति नजिकिँदै गर्दा देश चुनावमय बनेको छ । यतिबेला उम्मेदवारहरू विभिन्न योजना र एजेन्डासहित मतदाता फकाउन घरदैलो गरिरहेका छन् । यसपटकको निर्वाचनमा केही चर्चित कलाकारहरू पनि उम्मेदवार बनेका छन् । त्यसमध्ये एक हुन्, निशा अधिकारी । उनी काठमाडौं-५ बाट उम्मेदवार बनेकी छन् ।

यही क्षेत्रकी मतदाता रहेकी निशाले 'सगरमाथादेखि सदनसम्म' भन्ने नारासहित चुनावी अभियान चलाइरहेकी छन् । मतदातासँग घर देखि सडकसम्म भेट गरेका तस्वीर तथा भिडियोहरू दैनिक रूपमा आफ्नो सामाजिक सञ्जालमा पोस्ट गरिरहेकी उनले क्षेत्र नं. ५ मा पर्ने विभिन्न वडाका युवादेखि वृद्धवृद्धासँग सामुहिक छलफल समेत गरेको देख्न सकिन्छ ।

निशाले आफ्नो चुनावी घोषणापत्र समेत जारी गरिसकेकी छन् । उनको ५ बुँदे घोषणापत्रमा दिगो रोजगारी, उद्यमशीलता र सहज व्यावसायिक वातावरण, महिलाको अर्थपूर्ण सहभागिता र स्वास्थ्य अधिकार, सरक्षित पूर्वाधार, स्वस्थ्य वातावरण र दिगो सहरी जीवन, खेलकुद, कला र सिर्जनशील अर्थतन्त्र र जेष्ठ नागरिक स्वाभिमान, सम्मान र सुरक्षित जीवन जस्ता एजेन्डा समावेश छन् ।

निशा ब्याट्री चुनाव चिन्ह भएको गतिशील लोकतान्त्रिक पार्टीबाट उम्मेदवार बनेकी हुन् । उनी यस पार्टीकी केन्द्रीय सदस्य समेत हुन् । उनले उम्मेदवारी दिएको क्षेत्रमा नेपाली कांग्रेसबाट प्रदीप पौडेल, एमालेबाट ईश्वर पोखरेल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सस्मित पोखरेल, नेपाली कम्युनिष्ट पार्टीबाट कल्पना शर्मा लगायत चुनावी प्रतिस्पर्धामा छन् ।

सन् २००९ मा रिलिज भएको फिल्म 'मिसन पैसा'बाट अभिनय करिअर सुरु गरेकी निशाले अहिलेसम्म लगभग ३० वटा फिल्ममा काम गरिसकेकी छन् । उनी पछिल्लो पटक फिल्म 'आँखा'मा देखिएकी थिइन्, जुन २०२४ मा रिलिज भएको थियो ।

# बुद्ध एयर दुर्घटना प्रारम्भिक प्रतिवेदन: जहाजमा गम्भीर क्षति-कारण खुलाइएन

काठमाडौं/झापा भद्रपुरमा १८ पुस २०८२ मा दुर्घटनामा परेको बुद्ध एयरको जहाज दुर्घटनाको कारण नखोली सरकारले प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको छ । सरकारले वरिष्ठ क्याप्टेन विनोद पुरीलाई अनुसन्धानकर्ताका रूपमा तोक्दै छानबिन समिति बनाएको थियो । समितिको प्रारम्भिक प्रतिवेदन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आइतबार सार्वजनिक गरेको छ । प्रतिवेदनमा घटना विवरण मात्र प्रस्तुत गरिएको छ ।

दुर्घटनाको कारण विस्तृत विश्लेषण र सबै प्रमाण अध्ययन सकिएपछि सार्वजनिक हुने अन्तिम प्रतिवेदनमा आधिकारिक कारण सार्वजनिक गरिने समेत प्रारम्भिक प्रतिवेदनमा लेखिएको छ । अहिले ककपिट भ्वाइस रेकर्डर, फ्लाइट डाटा रेकर्डर र एटीसी रेकर्डिङ प्राप्त गरी त्यसको अध्ययन थालिएको छ । अन्तर्वार्तामा लिइएका बयान, प्रत्यक्षदर्शीका भनाइ र अन्य कागजात तथा तथ्यांक अनुसन्धान तथा अध्ययन क्रममा रहेको प्रतिवेदनमा उल्लेख छ । यसअघि हवाई दुर्घटना जाँचका प्रारम्भिक प्रतिवेदनमा सम्भावित कारण उल्लेख गर्ने प्रचलन थियो ।

सोही दिन 'एटीआर ७२-५००' (दर्ता नम्बर ९एन-एएमएफ)



जहाज काठमाडौंबाट भद्रपुरस्थित चन्द्रगढी विमानस्थलका लागि उडेको थियो । सोही जहाज धावनमार्गमा चिप्लिएर दुर्घटनामा परेको थियो ।

जहाजमा चालक दलका सदस्यसहित ५६ यात्रु सवार थिए । जहाजको नाइट स्टप प्लान भद्रपुर मै थियो । प्रारम्भिक प्रतिवेदन अनुसार जहाजमा गम्भीर क्षति पुगेको छ । जहाजको मुख्य र अगाडिको ल्यान्डिङ गियर, प्रोपेलर र इन्जिनहरूमा गम्भीर क्षति पुगेको पाइएको छ ।

जहाजमा सवार सबै यात्रु र चालक दलका सदस्यलाई सुरक्षित बाहिर निकालिएको थियो । घटनामा ५ यात्रु सामान्य घाइते भएका थिए । जसमा एक चालक दलका सदस्य थिए । जहाज धावनमार्गबाट चिप्लिएर थ्रेसहोल्डबाट १ सय ८३ मिटर बाहिर पुगेको समेत देखिएको छ । धावनमार्गको १ हजार १ सय १२ मिटरदेखि टायर घिस्रिएको दाग (स्किड मार्क्स) देखिएको छ । यसबाट चालकदलले जहाज रोक्न ब्रेक लगाएको संकेत गर्ने प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन अनुसार जहाजले रनवे वान जिरोतर्फबाट अवतरण गरेको थियो । जहाजले धावनमार्गको ४ सय २० मिटर दुरीमा पुगेपछि मात्र जमिन छोएको देखिएको छ । जहाज दुर्घटनामा गर्दा विमानस्थलको भित्री बारमा समेत क्षति पुगेको छ ।

अवतरणका बेला जहाज कोपाइलट (फस्ट अफिसर) ले उडाइरहेका (पाइलट फ्लाइङ) थिए । क्याप्टेन भने पाइलट मनिटरिङको भूमिकामा थिए । जहाजका क्याप्टेन अनुभवी पाइलट रहेको प्रतिवेदनमा देखिन्छ । उनको कुल उडान घण्टा ७ हजार १ सय ३३ रहेको छ । कोपाइलटको उडान घण्टा भने ४ सय ९८ घण्टामात्र रहेको देखिन्छ । सोही दिन उक्त उडान चालकदलका लागि पाँचौं र अन्तिम उडान रहेको समेत देखिएको छ ।

# निर्वाचन सुरक्षा : माथिल्लो डोल्पाका भू-भागमा घोडा चढेर गस्ती गर्दै सेना

डोल्पा/आगामी फागुन २१ गते हुने निर्वाचन नजिकिँदै जाँदा हिमाली जिल्ला डोल्पामा सुरक्षा व्यवस्था थप कडा बनाइएको छ । प्रतिनिधि सभातर्फ एउटा मात्र निर्वाचन क्षेत्र रहेको डोल्पामा शान्तिपूर्ण मतदान सुनिश्चित गर्न नेपाली सेनाले नियमित गस्तीलाई तीव्रता दिएको हो ।

भौगोलिक रूपमा अत्यन्तै विकट, सडक पहुँच नपुगेका र कठिन हिमाली भू-भाग भएका क्षेत्रहरूमा प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्न सेनाले घोडाको प्रयोग गरेर गस्ती सुरु गरेको छ । विशेषगरी माथिल्लो डोल्पाका दुर्गम मतदान केन्द्रहरूमा पुग्न र सुरक्षा प्रणालीलाई मजबुत बनाउन यो उपाय अपनाइएको सुलीगाड स्थित संग्राम शार्दुल गुल्मका गुल्मपति हरीश शाहीले जानकारी दिए ।

'माथिल्लो डोल्पाका अधिकांश भूभागमा हिउँ छ, सडक सञ्जालको पहुँच छैन,' उनले भने, 'हिउँले गस्ती गर्न समस्या हुने भएपछि घोडाको प्रयोग गरेर भएपनि गरिरहेका छौं ।' माथिल्लो डोल्पाको अधिकांश क्षेत्रहरूमा कठोर मौसम, उकालो ओरालो भू-भाग र सुरक्षाकर्मीहरूलाई धेरै स्थानमा पैदल गस्ती गर्न असहज हुने भएपछि घोडा प्रयोग गरिएको उनले बताए ।

घोडाको प्रयोगले दुर्गम मतदान केन्द्रहरूसम्म समयमै पुगेर सुरक्षा अवस्था अनुगमन गर्न र आवश्यक परे तत्काल प्रतिक्रिया दिन सहज बनाएको उनले बताए ।

सेनाले गस्तीका क्रममा मतदान केन्द्रहरूको भौतिक अवस्था, सुरक्षाको संवेदनशीलता र सम्भावित जोखिमहरूको मूल्याङ्कन गर्नुका साथै स्थानीय बासिन्दामा सुरक्षा प्रत्याभूति दिलाउने जनाएको छ । तल्लो डोल्पामा पनि सेनाले नियमित गस्तीलाई निरन्तरता दिएको छ । स्थानीय नागरिकहरूलाई निर्भय भएर मतदान प्रक्रियामा सहभागी हुन प्रेरित गर्नु पनि गस्तीको मुख्य लक्ष्य रहेको सेनाले जनाएको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# बागमतीका ३३ निर्वाचन क्षेत्रमा १०८ महिला उम्मेद्वार

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य पदका लागि हुने निर्वाचनमा बागमती प्रदेशको १३ जिल्लाबाट प्रतिनिधिसभा सदस्यका लागि कुल ३३ जनाले उम्मेद्वारी दिएका छन् ।

यो निर्वाचनमा ६ सय २३ पुरुष उम्मेद्वार र एकसय आठ महिला उम्मेदवार गरी सातसय ३१ उम्मेदवार प्रतिस्पर्धा गरिरहेका छन् । काठमाडौंका १० निर्वाचन क्षेत्रमा २ सय ५० जना उम्मेद्वार प्रतिस्पर्धामा छन् । काठमाडौंका यी निर्वाचन क्षेत्रमा ४६ जना महिला उम्मेद्वार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।



बागमती प्रदेशकै सबै भन्दा बढी महिला उम्मेदवार निर्वाचनमा सहभागी रहेको जिल्ला काठमाडौं हो । ३ वटा निर्वाचन क्षेत्र रहेको चितवनमा कुल ६४ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । यहाँ १८ जना महिला उमेद्वार चुनावीमैदानमा छन् ।

काठमाडौंपछि चितवनमा महिला उम्मेद्वारको संख्या बढी छ । २ वटा निर्वाचन क्षेत्र रहेको भक्तपुरमा ५७ जना उम्मेद्वारमध्य ९ जना महिला उम्मेद्वार छन् । ३ वटा निर्वाचन क्षेत्र रहेका ललितपुरमा ७१ जना उम्मेदवारमा ९ जना महिला छन् । २ वटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा कुल ४४ उम्मेदवारमध्ये सात महिला छन् । एउटा निर्वाचन क्षेत्र रहेको दोलखा र २ वटा निर्वाचन क्षेत्र रहेको धादिङमा ४-४ जना महिला उम्मेदवार चुनावमा प्रतिस्पर्धा गरिरहेका छन् । दोलखामा कुल ३३, धादिङमा कुल ४७ उम्मेद्वार छन् । २-२ वटा निर्वाचन क्षेत्र रहेको काभ्रेपलान्चोकमा र सिन्धुलीमा ३-३ जना महिला उम्मेद्वार छन् ।

काभ्रोपलान्चोकमा कुल ४२ र सिन्धुलीमा २८ जना उम्मेद्वार छन् । १-१ वटा निर्वाचन क्षेत्र रहेको रसुवा र रामेछापमा १-१ जना महिला उम्मेदवार प्रतिस्पर्धामा छन् । यस्तै २ वटा निर्वाचन क्षेत्र रहेको नुवाकोटमा १ जना महिला उम्मेद्वार सहभागी छन् । रसुवामा १२, नुवाकोटमा ३० र रामेछापमा १७ जना उम्मेदवार प्रतिस्पर्धा गरिरहेको बागमती प्रदेश निर्वाचन कार्यालयका निर्वाचन अधिकारी हरि ढकालले बताएका छन् । आसन्न प्रतिनिधि सभा निर्वाचनको तयारी बागमती प्रदेशका विभिन्न जिल्लामा तीव्र बनाइएको छ ।

जिल्लास्थित निर्वाचन कार्यालयले निर्वाचन व्यवस्थापनको तयारीसँगै निर्वाचनमा उम्मेदवार बनेका र राजनीतिक दलले आन्तरिक एवं बाह्य तयारीलाई तीव्र बनाएका हुन् । निर्वाचन कार्यालयले निर्वाचन सामग्री, निर्वाचन अधिकृतको कार्यालय कर्मचारी व्यवस्थापन र जिल्ला प्रशासन कार्यालयसहित सुरक्षाका निकायले सुरक्षा रणनीति र योजना बनाउँदै शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्न आवश्यक तयारी गरिरहेका छन् । राजनीतिक दल र उम्मेदवार मतदातासँग घेरदैलो, कार्यकर्ता भेलालगायतका गतिविधि गर्दै मत पक्षमा पार्न लागेका छन् ।

मकवानपुरमा २०७९ को निर्वाचनमा मतदाताशिक्षाको अभावमा खसेको कुल मतको ४.४६ प्रतिशत मत बदर भएको थियो । यसपटक निर्वाचनमा बदरमत कम गर्ने लक्ष्यसहित जिल्लाको १०२ वटै वडामा मतदाताशिक्षा सञ्चालन भइरहेको छ । मतदाताशिक्षाका लागि स्वयंसेवक खटिएका छन् । मतदाताशिक्षा प्रभावकारी बनाउन प्रत्येक पालिकाबाट एक/एक जना अनुगमनकर्तालाई जिम्मेवारी दिइएको छ । प्रत्येक वडामा बालविकास सहजकर्ता वा महिला स्वास्थ्य स्वयंसेविकालाई मतदाता शिक्षा स्वयंसेवककारुपमा परिचालन गरिएको छ ।

# गृहमन्त्री अर्यालद्वारा मकवानपुरका मतदानस्थलको अनुगमन



साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ गृहमन्त्री ओमप्रकाश अर्यालले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुने बताएका छन् ।

मकवानपुरको विभिन्न मतदान केन्द्रको स्थलगत निरीक्षण तथा अनुगमनको क्रममा गृहमन्त्री अर्यालले निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सबै पक्षको सहयोग रहने विश्वास व्यक्त गर्नुका साथै निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सफल बनाउन आम नागरिकको सक्रियता जरुरी रहेको उल्लेख गरे । सरकारको प्रवक्ता समेत रहेका गृहमन्त्री अर्यालले सामाजिक सञ्जालमा चलाइने गलत, मिथ्या र दुष्प्रचारका सूचना तथा खबरबाट सचेत भएर आआफ्नो निर्वाचन क्षेत्रको तयारीमा जुट्न सम्बन्धित सबै पक्षमा अनुरोध गरेका छन् ।

निर्वाचनको तयारी र सुरक्षा व्यवस्थापनसम्बन्धी विषयमा गृहमन्त्री अर्यालसँगै गृहसचिव राजकुमार श्रेष्ठ, सुरक्षा समन्वय महाशाखा प्रमुख सहसचिव एवं प्रवक्ता आनन्द काफ्ले, काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल, काठमाडौं प्रहरी प्रमुख (एसएसपी) रमेश थापालगायत उच्चपदाधिकारी सहभागी थिए । मन्त्री अर्यालसहितको टोलीले दक्षिणकाली नगरपालिका-९ फर्पिङस्थित सेतीदेवी माविको मतदान केन्द्रको स्थलगत निरीक्षण गरे । गृहमन्त्री अर्यालले मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-१ को मतदान केन्द्रको अनुगमन गरेका छन् । यसक्रममा मकवानपुर जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारी सहित गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीसहितको उपस्थितिमा अनुगमन तथा निर्वाचन सुरक्षा सम्बन्धी विषयमा छलफल भएको थियो ।

अनुगमनका क्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, जिल्लाको जनपथ, ससस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रमुखको उपस्थिति रहेको थियो । मन्त्री अर्यालसहितको टोलीले इन्द्रसरोवरको चौकी निरीक्षण गरी जिल्लाको सुरक्षा अवस्थाबारे जानकारी लिएको थियो । मकवानपुर जिल्लाका सुरक्षा प्रमुखसहितको संयुक्त टोलीले स्थलगत अनुगमन तथा निरीक्षण गरेको हो । दुबै जिल्लाका सीमा आसपासका क्षेत्रको सुरक्षा, मतदान केन्द्रलगायत सुरक्षाकर्मीको परिचालन गरिरहेको ब्रिफिङ लिनुकासाथै सुरक्षा व्यवस्थापन र परिचालनसम्बन्धी आवश्यक निर्देशन दिएको बताइएको छ ।

# २ जना बालसाहित्यकार पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ साहित्य संगम मकवानपुरले दुईजना बालसाहित्यकारलाई पुरस्कृत गरेको छ । ३ सय ६४ औं नियमित साहित्य सन्ध्याको अवसरमा संगमले दुइजना बालसाहित्यकारलाई पुरस्कृत गरेको हो । बालसाहित्यकारलाई प्रदान गरिने अणकुमारी स्मृति साहित्य पुरस्कार निकुञ्ज कार्कीले तथा शेषजङ्ग स्मृति कथा पुरस्कार रिदम घिमिरेले प्राप्त गरेका हुन् ।



मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा अध्ययनरत कार्कीको 'जीवन एक प्रयोगशाला' शीर्षकको संस्मरण लेख साहित्य संगमले आयोजना गरेको प्रतियोगितामा ८ जनालाई पछि पार्दै उत्कृष्ट हुन सफल भएको थियो । यस संस्मरणमा लेखकले आफ्ना जीवनमा भएका भोगाइलाई प्रस्तुत गर्दै जीवनलाई सकारात्मकतातर्फ लैजानुपर्ने उल्लेख गरेका छन् । यस्तै सोही समयमा भएको कथा प्रतियोगितामा ११ जना प्रतियोगीलाई पछाडि पार्दै बालजागृति इंग्लिस सेकेण्डरी स्कूलमा कक्षा १० मा अध्ययनरत रिदम घिमिरेको 'अधुरो बिहानी' कथा उत्कृष्ट हुन सफल भएको छ ।

कथामार्फत् घिमिरेले वर्तमान समयमा नेपालमा केही सम्भावना छैन भन्दै विदेश जानेलाई नेपालमा नै केही गरे युवा देशमै स्थापित हुन सकिन्छ भन्ने सन्देश दिएका छन् । दुवै पुरस्कार नगद ५ हजार रुपैयाँ तथा प्रमाणपत्रसहित प्रदान गरिएको छ ।

साहित्य संगम मकवानपुरले मकवानपुरका वरिष्ठ साहित्यकार आरसी रिजालले आफ्नी आमा अणकुमारी रिजालको स्मृतिमा स्थापना गर्नुभएको अणकुमारी स्मृति साहित्य पुरस्कार कक्षा ९ देखि १२ सम्म अध्ययनरत छात्रालाई प्रदान गर्दै आएको छ ।

यो पुरस्कार साहित्य संगमले प्रत्येकपटक साहित्यका विविध विधा तोकेर प्रतियोगिता सञ्चालन गरी उत्कृष्टलाई प्रदान गर्दै आएको छ । यस्तै स्वर्गीय शिक्षक डेन्टीजंग शाहले छोरा शेषजंगको स्मृतिमा स्थापना गर्नुभएको कथा पुरस्कार भने कक्षा ९ देखि कक्षा १२ सम्मका छात्र तथा छात्रा दुवैलाई प्रदान गर्दै आएको छ । यो पुरस्कार भने कथा प्रतियोगितामा उत्कृष्ट हुनेले मात्र प्राप्त गर्दछ । कार्यक्रममा बालज्योति मावि पिप्लेका विद्यार्थीले आफ्ना रचनावाचन गरेका थिए । यस्तै कार्यक्रममा विभिन्न साहित्यकारद्वारा गजलसमेत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा डा. निमेष निखिलले उपस्थित विद्यार्थीलाई कविता लेखनका बिधिबारे जानकारी दिए । उनले गद्य तथा छन्दका विविध कविता लेख्ने तरिकाबारे जानकारी दिएका थिए । वरिष्ठ साहित्यकार आरसी रिजालको प्रमुख आतिथ्य तथा साहित्य संगम मकवानपुरका अध्यक्ष डिबी बर्तौलाको सभाध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका वरिष्ठ साहित्यकारको उपस्थिति थियो ।

# बस दुर्घटनामा २२ जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ मकवानपुरको मनहरी गाउँपालिका-७ बिजौनास्थित पूर्वपश्चिम राजमार्ग खण्डमा यात्रुबाहक बस दुर्घटना हुँदा २२ जना घाइते भएका छन् ।

आइतबार बिहान करिब ७ बजे वीरगञ्जबाट चितवनतर्फ जाँदै गरेको बा प्र ०६-००१ ख ००५४ नम्बरको यात्रुबाहक बस अनियन्त्रित भई सडकको बाँया साइडमा रहेको विद्युतको पोलमा ठोक्किँदा दुर्घटना भएको हो । दुर्घटनाको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरीनिरीक्षक दीपक थापाको कमाण्डमा ट्राफिक प्रहरी सहित १६ जनाको टोली घटनास्थलमा खटिएको थियो ।

दुर्घटनामा बसमा सवार २२ जना यात्रु सामान्यदेखि मध्यम घाइते भएका छन् । घाइते सबैलाई उद्दार गरी उपचारका लागि चितवन पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता पुस्कर बोगटीले जानकारी दिए । दुर्घटनास्थल इलाका प्रहरी कार्यालय मनहरीबाट करिब १ किलोमिटर पश्चिममा पर्दछ ।

# एलओएम अफिसर्स तथा प्रतिवेदनलेखन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ थाहा नगरपालिका-३ स्थित गंगा होटलमा पालुङ जेसीज वर्ष २०२६ को पहिलो कार्यक्रम अन्तर्गत एलओएम अफिसर्स तथा प्रतिवेदनलेखन तालिम सम्पन्न भएको छ ।

पालुङ जेसीज वर्ष २०२६ का व्यक्तिगत उपाध्यक्ष विश्वराम पौडेलको संयोजकत्वमा आयोजित तालिम शाखा अध्यक्ष जेसी सञ्जय गोपालीको सभाध्यक्षतामा सम्पन्न भएको हो । कार्यक्रमका प्रमुखअतिथि संस्थापक अध्यक्ष पुरुषोत्तम ढकाल रहेका थिए भने वर्ष २०१९ का शाखाअध्यक्ष कुमार नेगीले सहजीकरण गरेका थिए । तालिममा पालुङ जेसीजका पूर्वअध्यक्ष तथा सल्लाहकारको उपस्थिति रहेको थियो । जसमा वर्ष २०२४ का शाखाअध्यक्ष तथा अध्यक्ष सल्लाहकार निरज रायमाझी, वर्ष २०२१ का शाखाअध्यक्ष तथा बोर्ड सल्लाहकार नवराज लामा, वर्ष २०२० का शाखाअध्यक्ष तथा प्रमुख अध्यक्ष सल्लाहकार मनोज रायमाझी तथा अध्यक्ष कार्यकारी सल्लाहकार सुबिन्द्रमान प्रधान सहभागी थिए ।

तालिममा वर्ष २०२६ का १४ जना पदाधिकारीको सहभागिता रहेको थियो । सहभागीलाई आफ्नो जिम्मेवारी, काम, कर्तव्य र अधिकारका साथै कार्यक्षेत्रको प्रतिवेदन कसरी प्रभावकारीरुपमा तयार गर्ने भन्ने विषयमा प्रशिक्षण प्रदान गरिएको थियो । कार्यक्रमको समापनमा प्रमुखअतिथि ढकालले सहभागीलाई प्रमाणपत्र वितरण गरेका थिए । पदाधिकारीको क्षमता अभिवृद्धि तथा संगठनात्मक कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन तालिम उपयोगी हुने वर्ष २०२६ का अध्यक्ष गोपालीले बताए ।

# एमाले उम्मेदवार रानाको घरदैलो अभियान तीव्र




साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ नेकपा एमाले मकवानपुर क्षेत्र नम्बर-१ का उम्मेदवार रामेश्वर रानाले आगामी फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै शनिबार हेटौंडा उपमहानगरपालिका-५ र ७ नम्बर वडामा घरदैलो अभियान सञ्चालन गरेका छन् ।

घरदैलोका क्रममा उम्मेदवार रानाले स्थानीय मतदातासँग भेटघाट गर्दै समृद्ध मकवानपुर निर्माणका लागि आफ्नो स्पष्ट दृष्टिकोण र कार्ययोजना प्रस्तुत गरेका थिए । विकास, रोजगारी, सुशासन र जनताको जीवनस्तर उकास्ने विषयलाई केन्द्रमा राख्दै उनले विगतको अनुभव र क्षमताका आधारमा आफू सक्षम प्रतिनिधि हुने दाबी गरे । रानाले मकवानपुरको समग्र विकासका लागि आफूले सशक्त भूमिका खेल्ने विश्वास दिलाउँदै मतदातासँग सहयोग र समर्थनको आग्रह गरेका छन् । स्थानीय बासिन्दाले रानाको सरल, जनमुखी र विकासप्रेमी नेतृत्वप्रति भरोसा व्यक्त गर्दै सकारात्मक प्रतिक्रिया दिएका छन् ।

घरदैलो कार्यक्रममा देखिएको जनउत्साहले मकवानपुर-१ मा एमालेको चुनावी माहोल थप सुदृढ बन्दै गएको संकेत गरेको छ । नेकपा एमालेका स्थानीय नेता-कार्यकर्ता, शुभेच्छुक र समर्थकको उल्लेख्य उपस्थितिसहित सम्पन्न घर दैलो अभियानले पार्टीप्रतिको जनविश्वास अझ बढ्दै गएको नेताहरुले बताएका छन् । फागुन २१ गते हुने निर्वाचन नजिकिँदै जाँदा उम्मेदवार रानाले जनताको घरदैलोमै पुगेर मतदाताको मन जित्ने अभियानलाई तीव्र बनाउदै लगेका छन् ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः १९९८/१०/२४

स्वर्गारोहणः २०८२/१०/२९

स्व. सिताराम रिमाल उपाध्याय

मेरो पुजनीय पति **सिताराम रिमाल उपाध्याय**को मिति २०८२/१०/२९ गतेका दिन दुःखद् निधन भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं । दुःखको यस घडीमा हामीप्रति सहयोग, सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धु बान्धव र आफन्तजनप्रति हार्दिक आभार प्रकट गर्दै अन्त्येष्ठीका क्रममा सागरमा पाल्नुहुने तथा घरमै आई समवेदना प्रकट गर्नुहुने महानुभावहरुलाई पितृप्रसाद ग्रहणको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

कार्यक्रम :

**मिति** : २०८२ फाल्गुण १२ गते मंगलबार
**समय** : दिनको २:०० बजेदेखि
**स्थान** : हेटौंडा-५, पिप्ले चोक, मकवानपुर (आफ्नै निवास)

धर्मपत्नीः **जसोदा रिमाल**
छोराः **अज्ञान रिमाल**
छोरा/बुहारीः **विज्ञान रिमाल/अमृता रिमाल**
एवम्
**समस्त रिमाल परिवार**

**नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?**

यो सुनौलो अवसर नछुटाउनुहोस्

चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरु अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरु एकै ठाउँमा ।

**नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरुका लागि उत्तम मौका।**

**सम्पर्कः ९८५१०२४८६८**




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना